म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३१६ शुक्रबार, १३ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 27 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ३ सय १७ किलो चरेससहित एकजना पक्राउ

हेटौंडा, १२ असार/पर्सा प्रहरीले परवानीपुरबाट करिब ३१७ किलो चरेससहित मकवानपुरको थाहा नगरका एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा थाहा नगरपालिका-१२ का ३६ वर्षीय बुद्धिबहादुर स्याङ्तान रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार बुधबार साँझ ७ बजेको समयमा वीरगञ्ज-२१, परवानीपुर चोकमा रोकी राखेको प्रदेश २-०३-००१ ख ६३४८ नम्बरको ट्रकबाट प्रहरीले ३१९ किलो चरेस बरामद गरेको हो । मालवाहक ट्रकमा लागूऔषध चरेस लोड गरी ल्याएको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले आवश्यक कारवाही गरेको जनाएको छ । ट्रकको पछाडि सामान बोक्ने भागमा सेतो प्लाष्टिकको बोराभित्र लुकाई छिपाई राखिएको अवस्थामा लागूऔषध चरेस १३ पोका बरामद भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले चालक बुद्धिबहादुरको साथबाट १ लाख ९२ हजार रुपैयाँ नगद पनि बरामद गरेको छ ।

### १९ वटा वडामात्र रहेको हेटौंडा उपमहानगरको २० र २२ नं. वडा पनि बजेट विनियोजन

# बागमती प्रदेशसभा बैठक असार १६ गतेसम्मको लागि स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ असार १२ गते बिहिबारको लागि बोलाइएको बागमती प्रदेशसभाको बैठक बस्दै नबसी स्थगित भएको छ ।

बैठक बिहिबार बिहान ११ बजे बस्ने तय भएको थियो तर, प्रदेशसभा सचिवालयले 'विशेष कारण' भन्दै असार १६ गते दिनको १ बजेसम्मको लागि बैठक स्थगित भएको जानकारी गरायो । कांग्रेस संसदीय दलको बैठकमा नेपाली कांग्रेसका बागमती प्रदेशसभा सदस्यले बजेटप्रति असन्तुष्टि जनाउँदै मुख्यमन्त्री बहादुर सिंह लामा र आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेको चर्को आलोचना गरेका थिए । बागमती प्रदेशको बजेटमा गण्डकी प्रदेशको पूर्वी नवलपरासीको कावासोती क्षेत्रमा पनि बजेट विनियोजन गरिएको भन्दै सांसदहरुले विरोध जनाएका थिए । बजेटको रातो किताबमा पूर्वी नवलपरासीको कावासोती नगरपालि-२ स्थित शिव मावि परिसर र आसपासका क्षेत्रमा पूर्वाधार निर्माण गर्ने उल्लेख छ ।



चालू आर्थिक वर्षमा पार्टीका दिवंगत नेताका नाममा बजेट विनियोजन गरेर पार्टी कार्यालय निर्माणमा खर्च गरेपछि विवादमा तानिएका आर्थिक मामिला मन्त्री काफ्ले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटमा झन् सुरुमै बिबादको घेरामा परेका छन् । उनले व्यक्तिका नाम र घरको ठेगाना तोकेर दर्जनौं योजनामा बजेट विनियोजन मात्रै गरेका छैनन्, गण्डकी प्रदेशको सीमा भित्र पनि आयोजना तोकेर बजेट छुट्याएका छन् । यस्तो मनलाग्दीले बजेटको पारदर्शिता, प्राथमिकता र आवश्यकताको सिद्धान्तमाथि नै गम्भीर प्रश्न उठेको छ ।

कुनैपनि प्रदेश सरकारले आफ्नो प्रदेश सीमाभित्र पारदर्शी आयोजना तोकेर बजेट विनियोजन गर्ने हो । तर, मन्त्री काफ्लेले गण्डकीमा आयोजना तोकेर बजेट विनियोजन गरेका छन् । गण्डकीको नवलपरासी (बर्दघाट सुस्तापूर्व) स्थित कावासोती नगरपालिका-२ मा रहेको शिव मावि परिसर तथा आसपासको क्षेत्रमा एक करोडको पूर्वाधार निर्माण योजनामा बागमतीको बजेट परेको हो । त्यस्तै, हेटौंडा उपमहानगरपालिका वडा २० र २२ लाई जोड्न कर्रा खोलामाथि पुल निर्माणका लागि बजेट विनियोजन भएको छ । जबकि हेटौंडा उपमहानगरमा १९ वटा मात्रै वडा छन् । हुँदै नभएका २० र २२ वडा भनेर बजेट विनियोजनले हेटौंडावासी चकित परेका छन् ।

'फलानोको घरदेखि ढिस्कानोको गोठसम्म' भन्नै शैलीमा व्यक्तिमा नाम जोडिएका योजना बग्रेल्ती छन् । चितवनको भरतपुर देखि माडी, कालिका, खैरहनी, र रत्ननगरसम्मका दर्जनौं योजनामा व्यक्तिको नाम, घरको विवरण सहितका योजना समावेश गरिएको छ । चितवनमा ज्ञानहरि अर्यालको घरचोकदेखि बागेश्वर मन्दिरसम्म, धर्म परियारको घरदेखि लामा राइस मिलसम्म र हस्तबहादुर थापाको घर हुँदै सामुदायिक भवनसम्म तथा युवराज चौधरीको घरदेखि चन्द्रसिंह चौधरीको घरसम्मको सडक स्तरोन्नति गरिनेलगायतका योजना समावेश गरिएका छन् ।

त्यस्तै, एन्जल हार्डवेयरको भित्री बाटो ढलान (तारकेश्वर नगर पालिका-५, अर्यालटार, काठमाडौं), पार्बन राईको घरअगाडिको बाटो ढलान (गोदावरी नगरपालिका-२, किराँतबस्ती, ललितपुर), हरि लामाको घरछेउदेखि भक्तबहादुर मल्लको घरसम्म ८० मिटर सेयर वाल निर्माण (बुढानीलकण्ठ नगर पालिका-८, काठमाडौं), यज्ञमति स्कुलमुनि करुण राईको घरतर्फ जाने सडक स्तरोन्नति (बुढानीलकण्ठ नगरपालिका-११, काठमाडौं) लगायत योजना समावेश छन् । यीमध्ये धेरैजसो योजना १० लाखदेखि ६० लाखका मात्रै छन् ।

बजेट ल्याउने दिन पनि बजेटको आकारलाई लिएर नेपाली कांग्रेस र नेकपा एमालेबीच मतभेद थियो । कांग्रेस र एमालेबीच ६८ अर्बको बजेट ल्याउने सहमति भएकोमा बजेटको आकार झण्डै ४ अर्ब बढाइएको भन्दै सरकारमा मतभेत सृजना भएको थियो । अन्तत: बजेटको आकार ६८ अर्बमै यथावत राखिएपछि साँझ बसेको मन्त्रिपरिषद् बैठकले बजेट अनुमोदन गरेको थियो । दिउँसो ३ बजेको लागि बोलाइएको प्रदेशसभा बैठक बेलुका ८:३० बजेपछि बस्यो र आर्थिक मामिला मन्त्री काफ्लेले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट प्रस्तुत गरेका थिए ।

आगामी आर्थिक वर्षका लागि चालुतर्फ २६ अर्ब ४ करोड ४६ लाख रुपैयाँ (३८.६ प्रतिशत) र पूँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख रुपैयाँ (६१.४ प्रतिशत) बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले बजेट कार्यक्रमको खर्च व्यहोर्ने स्रोततर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८२ लाख रुपैयाँ, अन्य ६ अर्ब ७९ करोड ४ लाख रुपैयाँ अनुमान गरिएको छ ।

## पत्रकार आचारसंहिताका विषयमा मकवानपुरका सञ्चारकर्मीसँग छलफल



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिताका विषयमा मकवानपुरका सञ्चारकर्मीसँग छलफल गरेको छ ।

नेपाल पत्रकार महासंघ मकवानपुरको सभाहलमा बिहीबार प्रेस काउन्सिलका सदस्य नकुल अर्यालले प्रेस स्वतन्त्रता, आचार संहिता र काउन्सिलको भूमिका लगायत विषयमा केन्द्रित रहेर सञ्चारकर्मीसँग छलफल गरेका हुन् । छलफलमा सहभागी सञ्चार कर्मीले प्रेस काउन्सिलको भूमिकालाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिएका थिए । काउन्सिलमा सुधारको आवश्यकता औंल्याउँदै यसलाई थप प्रभावकारी बनाउन सुझाव दिएका थिए । छलफलमा सदस्य अर्यालले प्रेस काउन्सिलको भूमिकालाई सशक्त बनाउँदै लैजानका लागि जिल्ला-जिल्लामा छलफल तथा सुझाव संकलन गरिएको बताए ।

उनले प्रेस काउन्सिल पत्रकारिता क्षेत्रलाई नियमन गर्ने निकाय भएको उल्लेख गर्दै सञ्चार कर्मीबाट आएका सुझाव अनुसार कार्य गर्दै जाने प्रतिबद्धता व्यक्त गरे । प्रेस काउन्सिलले ठाडो उजुरीका आधारमा नभई तथ्य हेरेर मात्रै पत्र काट्नुपर्ने उनले बताएका छन् । काउन्सिलमा आएका उजुरीका सम्बन्धमा समाचारमा चित्त नबुझेका विषयमा मात्रै खण्डन हुनुपर्ने धारणा राखे । संसदमा विचाराधीन मिडिया विधेयक पारित भए काउन्सिल स्वत: खारेज हुने सदस्य अर्यालले बताएका छन् । नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल मिलेर बनाएको पत्रकार आचार संहिता सबैले पालना गर्नुपर्नेमा सदस्य अर्यालको जोड थियो ।

कार्यक्रममा सहभागी सञ्चारकर्मीले पत्रपत्रिका वर्गीकरण, लोककल्याणकारी विज्ञापन, समाचार कपीको समस्या लगायतका विषय उठान गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, सल्लाहकार अन्जली थापालगायत मकवानपुरका विभिन्न सञ्चारगृहका प्रकाशक, सम्पादक, सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।


## १२ चालकले लागूऔषध सेवन गरी सवारी चलाए

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ जिल्ला ट्राफिक कार्यालय मकवानपुरले लागूऔषध दुर्व्यसनीविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा गरेको जाँचमा १२ जना चालकले लागूऔषध सेवन गरी सवारी चलाएको पाइएको छ ।

हेटौंडा अस्पतालका डाक्टर र जिल्ला जनस्वास्थ्य कार्यालयको प्राविधिक सहयोगमा ९१ जना सवारी चालकको पिसाव जाँच गरिएको थियो । जाँच गर्दा १२ जनामा लागूऔषधको कीट पोजेटिभ देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका निरीक्षक मनिर आलम अन्सारीले जानकारी दिए । लागूऔषध सेवन गरेर सवारी चलाउनेहरुमा यात्रुवाहक बस र म्याजिकका २ जना, ट्रकका ४ जना, टिपरका ३ जना, ट्याक्टर, मिनी ट्रक र पिकअप भ्यानका एक/एक जना चालक रहेका छन् ।

यात्रुवाहक सवारीका चालकले समेत लागूऔषध सेवन गरेर सवारी चलाएको पाइएको जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रमुख प्रहरीनिरीक्षक बच्चुराम फुँयालले बताए । लागूऔषध सेवन गरी सवारी चलाउँदा दुर्घटनाको जोखिम बढ्ने भएकाले यसलाई नियन्त्रण गर्न ट्राफिक प्रहरीले सचेतनात्मक अभियान थाल्ने बताइएको छ । प्रहरीले नियमितरुपमा मादकपदार्थ सेवनको जाँच गरेपनि लागूऔषध जाँच भने निरन्तरता दिइएको पाइदैन ।






साझाकुरा

## हाम्रो कुरा

# ओझेलमा हात्तीसार

नेपालले पहिलोपटक आयोजना गरेको 'नेपाल भ्रमण वर्ष १९९८' को सन्दर्भमा भीमफेदीको हात्तीसार तथा हौदा संग्रहालयलाई सर्वसाधारणले अवलोकन गर्न सकने गरी व्यवस्था गरिएको थियो । नेपालको पहिलो हात्तीसार मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीमा भएको पाइन्छ । हात्ती राख्न भने सर्वप्रथम जंगबहादुर राणा प्रधानमन्त्री भएर राख्ने गरेका थिए भन्ने इतिहास भेटिनछ । जंगबहादुर वि.स.१९०३ असोज २ गते कम्माण्डर इनचिफ र १९०३ कार्त्तिक १२ गते नेपालका प्रधानमन्त्री भएका थिए । वि.स. १९०४ आषाढशुक्रपक्ष सुदीपूर्णिमा मंगलबारका दिन तत्कालीन राजा राजेन्द्रलाई वीरगञ्च पश्चिम अलौबाट पिंजडामा थुनेर अपहरण शैलीमा काठमाडौं लगियो । राजा राजेन्द्रलाई थुनेरै राखेर जंगबहादुरले राज्यशक्ति आफ्नो हातमा लिएका थिए । तीनै राण प्रमहरुले तराईमा शिकार खेल्न जाने र फर्कने समयमा भीमफेदीमा बास बस्नुपरेको समयमा हात्ती राख्न हात्तीसार बनाएका थिए । त्यही ठाउँको घेराबार गर्न लगाए र त्यही स्थान नेपालको पहिलो हात्तीसार बन्न पुगेको हो । हात्तीसारमा घर निर्माण भने चन्द्रशम्शेरको पालामा भएको थियो । तराईमा औलोउन्मुलन नभएसम्म हात्तीसार भीमफेदीमै थियो ।

पछि राप्तीदुन जग्गा विक्री वितरण कमिशनबाट फुर्केचौरदेखि पश्चिम माडीसम्म योजना बनेपश्चात टाढा भयो भनी तराईमा सारिएको थियो । प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा विदेशी पाहुनालाई हात्ती चढाएर तराईमा शिकार खेलाउने गरिएकोले तत्कालीन हात्ती चढ्ने हौदाहरु आज पनि भीमफेदीमा छ । यहाँ भएको भौतिक पूर्वाधार तथा जग्गाहरु वेवारिसे अवस्थामा हुँदा स्थानीय निकायले सदुपयोग गर्न माग गरेका छन् । बेलायती महारानी एलिजाबेथ द्वितीया र राणा प्रधानमन्त्री जंगबहादुरले शिकार खेल्न जाने क्रममा हात्ती पार्किङस्थलका रुपमा परिचित यो संग्रहालय पर्यटकको पर्खाइमा बसेको छ । हेटौंडाबाट उत्तरपूर्वमा करिब ३५ किलोमिटरको दूरीमा रहेको भीमफेदीस्थित यो संग्रहालयमा महारानी एलिजावेथले प्रयोग गरेका ४ वटा सिकारी हौदा र जंगबहादुरले प्रयोग गरेका पिँजडा सहितको हौदा राखिएको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित राणाकालीन हात्तीसार संग्रहालय नेपालका प्रथम राणा प्रधानमन्त्री जंगबहादुर, श्री ५ महेन्द्र, बडामहारानी, बेलायती महारानी एलिजाबेथ द्वितीया, श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रसम्मले शिकारको सिलसिलामा प्रयोग गरेको ऐतिहासिकस्थल हो । उनीहरु हात्तीमा चढेर चितवनतर्फ शिकार खेल्न जाने गर्थे । संग्रहालय भवनभित्र कुल ४२ वटा हौदाहरु रहेका छन् । बाघको सिकारका लागि प्रयोग गरिने सेतो कपडा पनि यहाँ सुरक्षित राखिएको छ । संग्रहालयमा शिकार खेल्ने व्यक्तिले हात्तीमा राखेर प्रयोग गर्ने सिकारी हौदा, शिकारीको संरक्षणमा जाने भारदारी र खानपानको व्यवस्था गर्नेहरु बस्ने सुसारेले प्रयोग गर्ने हौदाहरु छन् ।

राणाकालमा बेलायती राजारानीलगायत विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नका निम्ति भीमफेदी आउने गरेको इतिहास छ । पूर्वराजपरिवारका सदस्यहरुले पनि चितवन राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, शुक्लाफाँटा र बर्दिया राष्ट्रिय निकुञ्जमा सिकार खेल्न जाने गरेको जानकारहरु बताउँछन् । हात्तीसारमात्रै नभई त्यतिबेला तराईबाट काठमाडौं पुग्ने मुख्य बाटोसमेत यही थियो । त्रिभुवन राजपथ निर्माण हुनुभन्दा अघि भीमफेदी काठमाडौंलाई तराईसँग जोड्ने सेतुको रुपमा परिचित थियो । राणाकालमा विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नको निम्ति पनि भीमफेदी नै आउँथे । विगतमा पैदलयात्रुको निम्ति बास बस्न बनाइएका पाटीपौवा र निजी भवनहरु अहिले जीर्ण छन् । २०५९ जेठमा तत्कालीन सांसद हिरण्यलाल श्रेष्ठले आधा दर्जन एक्युरियम राखेर यसलाई थप आकर्षक बनाउने प्रयास गरेका थिए, तर ती एक्युरियम अहिले प्रयोगमा छैनन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्वामित्वमा रहेको यो संग्रहालय करिब २५ रोपनी क्षेत्रफलमा फैलिएको छ । धेरै ऐतिहासिक महत्व बोकेको भएता पनि उचित प्रचार प्रसारको अभावले पर्यटकको आगमन हुन सकेको छैन । हात्तीसार संग्रहालयलाई थप ऐतिहासिक बनाउनका लागि प्रवेशद्वारमा दुईवटा हात्तिका मूर्तिका साथै ऐलिजावेथ द्वितीया र जंगबहादुरको शालिक राखिने योजना रहेको भीमफेदी गाउँपालिकाले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १४ गते शनिबार २८ जुन २०२५ । तृतीया, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# संघीयता कार्यान्वयनको कसीमा कस्तो देखिन्छ नयाँ बजेट ?



✍ प्रकाश रेग्मी

आव २०८२/८३ को बजेट संघीय संसद्बाट पारित भएको छ । बजेट राज्यको आम्दानी-खर्च को हिसाबकिताब प्रस्तुत गर्ने एउटा आर्थिक दस्तावेजको सँगालो त हो नै त्योभन्दा बढी, मूलत: बजेट एउटा राजनीतिक दस्तावेज हो । बजेटको माध्यमबाट सरकारमा रहेका राजनीतिक दलले संविधानले परिलक्षित गरेको राजनीतिक, आर्थिक तथा सामाजिक उद्देश्यहरू प्राप्तिको लागि ठोस कार्यक्रमहरू प्रस्तुत गरे कि गरेनन् भनेर मूल्यांकन गर्ने गरिन्छ । राजनीतिक दलले आफ्नो चुनावी घोषणापत्र मार्फत जनतासमक्ष गरेका बाचाहरू पूरा गर्ने दिशामा उनीहरू कति इमानदार छन् भन्ने जाँच्ने प्रमुख दस्तावेज पनि वार्षिक बजेट र यसको कार्यान्वयन नै हो । आगामी आवको बजेट गत जेठ १५ मा प्रस्तुत भएपछि यसका बारेमा विभिन्न चर्चा नियमित रूपमा सुनिराखिएको छ, पढिराखिएको छ।

बजेटले सबै तह र तप्काका जनसमुदायलाई कुनै न कुनै रूपमा असर गर्ने भएकोले यसको बारेमा चर्चा र विश्लेषण हुनु स्वाभाविक हो, अपेक्षित हो । हालसम्म आएका विश्लेषणलाई सर्सर्ती केलाउँदा समष्टिगत आर्थिक तथा वित्तीय पाटो अनि क्षेत्रगत विश्लेषण बढी तर शासकीय सुधारको राजनीतिक दृष्टिकोणबाट विश्लेषण भएको खासै पाइएन । जनताबाट स्थापित सबैभन्दा माथिल्लो तहको बहसको अपेक्षा गर्ने थलो संसद् हो तर त्यहाँ पनि मूल विषय राजनीतिक नबनी बजेटको वितरणसँग सम्बन्धित विषय नै प्रमुख रूपमा छलफलमा आएकोले (यद्दपि संसद्मा बजेटको बारेमा खास बहस नै भएन भन्दा हुन्छ) प्रस्तुत लेखमा आव २०८२/८३ को बजेटलाई मूलत: राजनीतिक सुधारको कसीमा केलाउने प्रयत्न गरिएको छ ।

### नेपालको राजनीतिक सन्दर्भ र आगामी आवको बजेट

### क) संविधानको कार्यान्वयन र संघीयताको सबलीकरण

कुनै पनि देशको बजेटलाई राजनीतिक दृष्टिकोणबाट विश्लेषण गर्दा त्यो देशको संविधानले परिलक्षित गरेको समाज निर्माण गर्नको लागि बजेटको माध्यमबाट कोसिस गरियो कि गरिएन भनेर हेर्नुपर्ने हुन्छ । हाम्रो देशको सन्दर्भमा यो विषयलाई हेर्दा मूलतह बजेटले संविधानले अपेक्षा गरेका लक्ष्य एवं उद्देश्य प्राप्तिको दिशामा के-कस्तो सोच अगाडि सारेको छ र संविधानको कार्यान्वयनमा देखा परेका चुनौतीलाई सम्बोधन गर्ने ठोस प्रतिबद्धता र कार्यक्रमहरू प्रस्तावित छन् कि छैनन् भनेर विश्लेषण गर्नु अपरिहार्य हुन्छ । अझ संघीयताको कार्यान्वयनलाई लिएर व्यवस्था विरोधी आवाजहरू प्रशस्त उठिरहेको वर्तमान सन्दर्भमा व्यवस्थाका पक्षधरहरू सरकारमा रहेको कारणले पनि यो विश्लेषण अझ बढी सान्दर्भिक हुन्छ । अब एकछिन बजेटलाई संवैधानिक राजनीतिक ढाँचाभित्र रहेर विश्लेषण गर्ने प्रयास गरौं ।

आगामी आवको बजेटका उद्देश्यहरूमा संविधानले परिलक्षित गरेको राजनीतिक र सामाजिक उद्देश्यहरू अटाएका छैनन् । उदाहरणका लागि प्रस्तावनामा उल्लिखित समावेशी राज्य संरचना सम्बन्धित विषयहरू हुन् वा राज्यका नीति निर्देशक सिद्धान्तमा उल्लिखित समावेशी आर्थिक विकासका कुरा हुन् बजेटको उद्देश्य वा कार्यक्रममा ती विषयहरूलाई प्राथमिकतामा राखेको देखिँदैन । कृषि, वन जस्ता परम्परागत क्षेत्रगत कार्यक्रममा होस् वा सूचनाप्रविधि जस्ता उदीयमान क्षेत्रहरूसँग सम्बन्धित कार्यक्रमहरूमा होस् सीमान्तकृत र पछाडि परेका/पारिएका वर्गलाई यी कार्यक्रमहरूले कसरी फाइदा पुग्छ भन्ने बारेमा बजेट मौन नै देखिन्छ । समाजमा देखिएका सामाजिक सवालहरू, जस्तै जातीय विभेद, समावेशी राज्य संरचनासँग सम्बन्धित प्रतिनिधित्वका समकालीन सवालहरूमा सरकारको दृष्टिकोणहरू बजेटमा अटाएका छैनन् । समग्रमा संघीय व्यवस्थाको सबलीकरणको विषय बजेटमा जुन मात्रामा आउनुपर्थ्यो त्यसरी आएको छैन भन्दा अत्युक्ति नहोला ।

### संघीयताको सबलीकरणः वर्तमानको मूल राजनीतिक कार्यभार

संविधान आएको एक दशक पूरा हुन लाग्दा पनि संविधानको कार्यान्वयन, त्यसमा पनि मूलत: संघीयताको पूर्ण रूपमा कार्यान्वयन सम्बन्धी विषयहरू समाधान भइसकेका छैनन् । यसले गर्दा संक्रमणकाल अनावश्यक रूपमा लम्बिएको, लम्ब्याइएको छ । तसर्थ बलियो सरकार बनेको अहिलेको अवस्थामा सरकारबाट संक्रमणकालको अन्त्यको लागि ठोस प्रतिबद्धता र कार्यक्रमको अपेक्षा हुनु अन्यथा थिएन, हुँदैन । तर अपेक्षा विपरित आगामी आवको बजेटमा यस सम्बन्धमा कुनै उल्लेखनीय प्रतिबद्धता आएको देखिँदैन । यसलाई बुँदागत रूपमा केही विवेचना गर्नु सान्दर्भिक होला । अन्तर्राष्ट्रिय अभ्यासमा कुनै पनि देशमा संघीयता (वा विकेन्द्रीकरण) को कार्यान्वयन कसरी भइराखेको छ भन्ने विश्लेषण गर्न एकआपसमा अन्तरसम्बन्धित तीन विषयहरूलाई हेरिन्छ । जसमा क) विभिन्न तहका सरकारहरूको कार्य जिम्मेवारी, ख) कार्य जिम्मेवारी पूरा गर्न लाग्ने बजेट वा रकम रह ग) कार्य जिम्मेवारी पूरा गर्न आवश्यक कर्मचारी ।

### अब यी विषयमा छुट्टाछुट्टै विवेचना गरौं

### १. कार्य जिम्मेवारी

नेपालको संविधानको धारा ५६ ले नेपालको राज्य शक्तिको प्रयोग तीन तहका सरकारहरूले गर्ने भनेर व्याख्या गरेको छ भने धारा ५७ ले राज्यशक्तिको बाँडफाँड संविधानको अनुसूची ५ देखि ९ मा लेखिए बमोजिम हुने भनेर स्पष्ट व्यवस्था गरेको छ । उल्लिखित अनुसूचीहरूमा एकल तथा साझा अधिकारहरूको सूची दिइएका छन् । तर हालसम्म पनि संविधानले तोकेका अधिकारहरू संघीय सरकारले हस्तान्तरण नगर्दा, संघ सरकारले कानून नबनाइदिंदा अथवा बनाएका कानून पनि कार्यान्वयन नगरि दिंदा प्रदेश तथा स्थानीय सरकारहरूले संविधान बमोजिमको अधिकार प्रयोग गर्न पाएका छैनन् । बजेटबाट हालसम्म कार्यान्वयन नभएका यी व्यवस्थाहरूको कार्यान्वयनको लागि ठोस प्रतिबद्धता आउने अपेक्षा गरिएको थियो तर आएन ।

यसको विपरीत प्रदेश र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्ने जिम्मेवारीहरूमा हस्तक्षेप गरेर संघबाट नै कार्यान्वयन गर्ने विगतका सरकारहरूको कार्यशैलीलाई नै यस सरकारले निरन्तरता दिएकोले संघीयताको कार्यान्वयनमा यस सरकारको प्रतिबद्धतालाई पनि विगतका सरकारलाई झैं प्रशस्त प्रश्न गर्ने ठाउँ दिन्छ ।

**केही प्रतिनिधि उदाहरण हेरौंः**

क) संविधान बमोजिम प्रदेशको शान्तिसुरक्षा प्रदेशको एकल अधिकार हो तर यस अनुसार न त प्रहरीहरू समायोजन भएका छन् न त सिडियोहरू सम्बन्धित प्रदेशप्रति जवाफदेही छन् । विडम्बना के भने पछिल्लो समय त यति महत्त्वपूर्ण विषयमा छलफल पनि हुन छोडेको छ । पारित भइसकेको प्रहरी समायोजन ऐन पनि कार्यान्वयनमा गएको छैन । यस विषयमा बजेट पूर्णत: मौन छ । पंक्तिकारको विचारमा यो अधिकारको सफल कार्यान्वयन संघीयताको सफलताको महत्वपूर्ण कडी हो ।

ख) जनतालाई सेवा प्रवाहको हिसाबले आर्को महत्वपूर्ण क्षेत्र कृषि तथा पशु विकास हो जुन प्रदेशको एकल अधिकार हो । त्यस्तै अन्य महत्वपूर्ण सेवासँग सम्बन्धित क्षेत्रहरूमा प्राथमिक तथा माध्यमिक शिक्षा अनि स्थानीय पूर्वाधारहरू हुन् (सडक, खानेपानी, ढल इत्यादि), जुन स्थानीय तहका एकल अधिकार हुन् । तर संविधान आएको यतिका वर्षसम्म पनि यी सबै सेवासँग सम्बन्धित क्षेत्रहरूमा संघीय सरकारले आफ्नो अधिकारलाई हस्तान्तरण गर्न चाहेको देखिँदैन, गरेको छैन् ।

उदाहरणको लागि कृषि मन्त्रालय र यसको काममा संघीयता अघि र पछि कुनै पुनर्संरचना वा परिवर्तन भएको छैन । संघीय सरकार अझै पनि परम्परागत रूपमा कृषि उत्पादनदेखिका सबै मूल्य शृंखलामा विगत झैं नै संलग्न भएको अवस्था छ । स्थिति कतिसम्म दयनीय छ भने तरकारी, मसला तथा आलु विकास जस्ता कार्यक्रममा संघीय सरकार आजसम्म पनि र माइरहेको छ । जबकि संविधानका अनुसूची र मन्त्रिपरिषद्बाट स्वीकृत अनुसूचीहरूको कार्यविस्तृतीकरण प्रतिवेदन हेर्ने हो भने कृषिमा संघीय सरकारको भूमिका वैदेशिक व्यापार तथा क्वारेन्टाइन लगायत क्षेत्रमा मात्र सीमित छ । विगतको निरन्तरता बाहेक आगामी आवको बजेटमा पनि कृषि क्षेत्रका कार्यक्रम र यससँग सम्बन्धित संरचनाहरूको पुन:परिभाषित गर्ने कुनै सोच सरकारमा देखिँदैन ।

ग) अब एकछिन शहरी विकास मन्त्रालयसँग सम्बन्धित बजेट तथा कार्यक्रमहरू हेरौं । यस सन्दर्भमा धेरै कुरा संसद्को छलफल तथा सञ्चारमाध्यमहरूमा पनि आइसकेको छ । यस मन्त्रालयको नाम शहरी विकास छ । यस मन्त्रालयको कार्य विवरणमा यसको जिम्मेवारीमा मूलत: शहरी विकाससँग सम्बन्धित नीति तथा मानकहरू बनाउने छ । शहरी विकास आफैंमा कुनै अलग्गै क्षेत्र पनि होइन । शहरी पूर्वाधारहरू विभिन्न क्षेत्र (जस्तै सडक, ढल, स्वास्थ्य, दूरसञ्चार इत्यादि) सँग सम्बन्धित हुन्छन् जसको जिम्मेवारी संविधानले नै विभिन्न तहका सरकारहरूलाई दिएको छ ।

त्यस्तै ५० मिटरका सडक पनि सिंहदरबारबाट कार्यान्वयन हुन लागेपछि वडा कार्यालयले के काम गर्ने ? अनि स्थानीय तह र प्रदेशले के गर्ने? अनि अब फेरि साना सडक माग्न हामी सिंहदरबार जाने हो ? संघमा यसको लागि विषयगत मन्त्रालय छुट्टै छन् । यसको विपरीत शहरी विकास मन्त्रालय मूलत: स्थानीय तहको अधिकारमा पर्ने वडा तथा पालिकास्तरका सडक, सभा हल, ढल बनाउन कस्सिएको देखिन्छ । नेपालभरि नै यस्ता परियोजनाहरू हजारौंको संख्यामा रहेका छन् । अझ झापा, काठमाडौं, डडेल्धुरा, भरतपुर जस्ता ठाउँहरूमा उल्लेख्य संख्या छ । संविधानको मर्म विपरीत ५०, १०० मिटर बाटो बनाउन पनि संघ सरकार कस्सिनु भनेको संघीयताको मर्मलाई आत्मसात् नगर्नु हो । संघीयता आउनु अगाडि जिविस र गाविसले गर्ने जस्ता कार्यक्रम अहिले शहरी विकास मन्त्रालयले गरिराखेको छ । यसबाट राजनीतिक र कर्मचारीतन्त्रको नेतृत्वको संघीयताप्रतिको दृष्टिकोण प्रष्ट हुन्छ ।

त्यति मात्र होइन, शहरी विकासको वार्षिक कार्यक्रममा स-साना कुलो बनाउने, पोखरी संरक्षण गर्ने, विभिन्न मन्दिर तथा धार्मिक स्थल स्तरीकरण गर्ने, राजनीतिक नेताहरूको नाममा स्मृति भवनहरू बनाउने, क्यान्सर स्क्रिनिंग, जडीबुटी प्रशोधन, मानसिक स्वास्थ्य केन्द्र निर्माण जस्ता आफ्नो मन्त्रालयको क्षेत्र भन्दा बाहिरका पनि प्रशस्त योजना छन्, जसको प्रत्यक्ष सम्बन्ध शहरी विकाससँग छैन । यी त केही प्रतिनिधि उदाहरण मात्र हुन् । एकाधलाई छोडेर लगभग सबै मन्त्रालयको कार्यक्रमलाई गहिरिएर हेर्ने हो भने यस्ता उदाहरण प्रसस्त छन् । अब एकछिन यस्ता खालका कार्यक्रमले संघीयताको मर्म र सेवा प्रवाहमा पार्ने असरबारे विवेचना गरौं ।

संघीयतामा कार्य जिम्मेवारीको बाँडफाँड विभिन्न तहका सरकारलाई गर्ने भनेको सम्बन्धित तह त्यो कामसँग सम्बन्धित सम्पूर्ण जिम्मेवारी बहन गरी जनतालाई गरिने सेवा प्रवाहमा पूर्णत: जवाफदेही बन्नु हो । तर एकै खालका कार्यक्रमहरू सबै तहका सरकारले गर्ने हो भने कुनै पनि सरकार जवाफदेही बन्दैन । यसले जनतालाई पनि कुनै निश्चित प्रकारका सेवा-सुविधा नपाउँदा कुन सरकारसँग माग्न जाने हो भने द्विविधा उत्पन्न हुन्छ । उदाहरणको लागि माध्यमिक शिक्षा स्थानीय तहको जिम्मेवारीमा छ । त्यो भनेको कुनै नागरिकले आफ्नो बच्चाले गुणस्तरीय शिक्षा पाएनन् भने गाउँपालिका अध्यक्ष वा मेयरसँग गुनासो गर वा टेबल ठोक्न जाऊ भनेको हो । तर अब पनि यो काम अझै संघीय सरकारले गर्ने हो भने, त्यही गुनासोको लागि नागरिक जिल्ला शिक्षा कार्यालय वा मन्त्रालय धाउन पर्‍यो ।

त्यस्तै ५० मिटरका सडक पनि सिंहदरबारबाट कार्यान्वयन हुन लागेपछि वडा कार्यालयले के काम गर्ने ? अनि स्थानीय तह र प्रदेशले के गर्ने? अनि अब फेरि साना सडक माग्न हामी सिंहदरबार जाने हो ? अझ मानसिक स्वास्थ्य केन्द्र समेत शहरी विकासले बनाउने भएपछि संघीय तथा प्रादेशिक स्वास्थ्य एकाइहरू किन चाहियो ? यस्ता योजना छनोटको प्रक्रिया के हो ? भोलि यसको सञ्चालनमा को जिम्मेवारी हुने हो ? अनि केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेको सबै प्रकारका उत्पीडन र विभेद कम गर्ने संविधानको प्रस्तावनालाई यसले कसरी सहयोग पुग्ला ? यी खालका कामहरू संघीय सरकारले नगर्दा वा अझ भनौं संविधानको अनुसूचीहरूको पूर्ण रूपमा कार्यान्वयन गर्दासाथ त्यो कामसँग सम्बन्धित संरचना र कर्मचारीको पद स्वत: खारेज गर्न वा घटाउन सकिन्छ अनि यसले स्रोतमा परेको चापलाई कम गराउन मद्दत पुग्छ नै सार्वजनिक प्रशासनको पुनर्संरचनाको शुरुआत पनि यहींबाट हुन्छ । कामको स्पष्ट जिम्मेवारी नतोकी, कुन तहमा कुन खालको संरचना चाहिन्छ र तेसको लागि कति कर्मचारीहरू आवश्यक हुन्छन् भन्ने अन्दाज नै गर्न सकिँदैन ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगले यसै कारणले संघीय तहका लगभग ६८ विभाग खारेज गर्न सिफारिस गरेको थियो । हालै मात्र बनेको रामेश्वर खनाल आयोगले पनि सो सिफारिस कार्यान्वयन गर्न भनेको छ । तर अफसोच संघीयताको दश वर्षमा पनि हामी पञ्चायतकालीन सोचबाट माथि उठ्न सकेका छैनौं । कार्य जिम्मेवारीका विषयहरूमा एउटा सधैं उठ्ने विषय के हो भने शिक्षा, स्वास्थ्य, कृषि जस्ता विषयमा संघ सरकारको पनि भूमिका साझा अधिकारको रूपमा संविधानले उल्लेख गरेको छ र सोही बमोजिम संघ सरकारको पनि सम्बन्धित क्षेत्रमा भूमिका हुन्छ । यो तर्क सही हो तर यहाँ बुझ्नुपर्ने सैद्धान्तिक पक्ष तथा अन्तर्राष्ट्रिय अभ्यासमा नै स्थापित तथ्य के हो भने साझा अधिकारले कहिल्यै पनि एकल अधिकारलाई काट्न सक्दैन, एकल अधिकारको कार्यान्वयनलाई सहयोग पुर्‍याउन मात्र साझा अधिकारको प्रयोग हुन सक्दछ । यस अर्थमा एकल अधिकार भएका तहहरूको अधिकारलाई सहयोग पुर्‍याउन आवश्यक कार्यहरू गर्ने जिम्मेवारी मात्र अन्य तहका सरकारको हुन आउँछ, होइन भने एकल अधिकार हुनु र नहुनुको कुनै अर्थ हुँदैन ।

### २. रकम

अब एकछिन विभिन्न तहका सरकारलाई दिइएका जिम्मेवारी पूरा गर्न आवश्यक रकमसँग सम्बन्धित विषयमा चर्चा गरौंरु । संविधानले दिइएका जिम्मेवारी अन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोतमा जम्मा गर्ने र राजस्व बाँडफाँड अन्तर्गत अन्य तहलाई बाँडफाँड गर्दछन् । त्यस्तै प्राकृतिक स्रोतको रोयल्टी पनि बाँडफाँड हुन्छ । तर संविधान बमोजिम प्रदेश तथा स्थानीय तहमा जाने मूलत: ४ प्रकारका अनुदानहरू छन्, जसमा समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान पर्दछन्

संविधानले यी अनुदान लगायत राजस्व र रोयल्टी बाँडफाँटसँग सम्बन्धित कार्य क्षेत्र, खाका तथा सिफारिस गर्ने जिम्मेवारी प्राकृतिक स्रोत तथा वित्त आयोगलाई दिएको छ जसले संविधान र वित्त व्यवस्थापन ऐन अनुसार हरेक वर्ष संघ तथा प्रदेश सरकारलाई सिफारिस गर्दछ । वित्तीय संघीयताका यी विषयहरू तुलनात्मक रूपमा संस्थागत भएको देखिएको भएतापनि धेरै सुधार गर्नुपर्ने विषयहरू ज्यूँका त्यूँ छन् । वित्त आयोगसँग सम्बन्धित कानून र संविधानको अधिकारका विषय, समानीकरण र सशर्त अनुदानका आधार तथा सूचकांकका विषय र यसका कार्यान्वयनहरूमा प्रशस्त सवाल छन् । उदाहरणका लागि समानीकरण अनुदानलाई पूर्ववत् व्यवस्थामा भएको नि:शर्त अनुदानको रूपमा बुझेर सोही अनुसार अभ्यास भइराखेको छ । तर यो नि:शर्त अनुदान भइकन पनि यसको निश्चित उद्देश्य पनि हुन्छ- जस्तै: न्यूनतम के कुरामा संविधानले प्रदेशहरू एकआपसमा वा स्थानीय तहहरू एकआपसमा समान हुन् भन्ने अपेक्षा राखेको हो ?

पूर्वाधारमा ? शिक्षा, स्वास्थ्य वा अन्य केहीमा ? के स्थानीय तह तथा प्रदेशहरूले सोही बमोजिमका क्षेत्रमा यो अनुदान खर्च गरिराखेका छन् त ? अनि सबै अनुदानहरूको बाँडफाँड कामको जिम्मेवारीसँग मिलेको छ ? अनि यो न्यायोचित ढंगले वितरण भइरहेको छ त? वित्तीय संघीयताका यी खालका सवालहरू जटिल हुन् । यस्ता सवालहरूको सम्बोधन र निरन्तर सुधारका लागि अध्ययन, अनुसन्धान र कार्यान्वयन जरूरी हुन्छ । जसको लागि राजनीतिक प्रतिबद्धता न्यूनतम शर्त हो । यसको लागि वित्त आयोगको क्षमता (प्राविधिक र वित्तीय) वृद्धि गर्न आवश्यक हुन्छ, कानूनी जटिलताहरू संशोधन गरिनुपर्छ र यसको नेतृत्वमा सोही बमोजिमका व्यक्तिहरूलाई ल्याउनुपर्छ । प्रस्तावित आगामी आवको बजेटमा यससँग सम्बन्धित विषयहरू अटाउन सकेका छैनन् ।

हालै मात्र संघीय सरकारले वित्त आयोगको सिफारिसमा राजस्व र रोयल्टी बाँडफाँडसँग सम्बन्धी नयाँ खाका स्वीकृत गरेको छ, जुन सकारात्मक छ । कम्तीमा बजेटले यसको कार्यान्वयनसँग सम्बन्धित विषयमा केही बोलेको भए सकारात्मक सन्देश जानेथियो । वित्तीय संघीयतासँग माथि उल्लिखित सबै विषयमा चर्चा गर्न एउटै लेखमा गाह्रो हुने भएकोले आगामी आवको बजेटको सन्दर्भमा रहेर सशर्त अनुदानको विषयमा थोरै चर्चा गरौं । हरेक वर्षको बजेटमा सशर्त अनुदानको हिस्सा घट्यो कि बढ्यो भनेर चर्चा हुने गर्दछ तर सशर्त अनुदानको परिमाण घट्नु र बढ्नुले केही संकेत गर्ला तर त्योभन्दा बढी सशर्त अनुदानको प्रकृति, उद्देश्यसँग सम्बन्धित भएर विनियोजन गरिएका क्षेत्र र आयोजनाको विषयमा चर्चा गर्नु बढी सान्दर्भिक हुन्छ ।

संघीयता लागू भएका लगभग सबै देशमा कुनै न कुनै प्रकारको रूपमा सशर्त अनुदान कायम रहेको पाइन्छ । मूलत: राष्ट्रिय लक्ष्यहरूको प्राप्ति (उदाहरणको लागि सहस्राब्दी विकास लक्ष्यहरू, निरक्षरताको उन्मूलन, राष्ट्रिय मानकहरूको कार्यान्वयन इत्यादि) को लागि सशर्त अनुदान प्रदान गरिन्छ । त्यस्तै, कुनै एक तहको जिम्मेवारीलाई अर्को तहबाट कार्यान्वयन गर्दा मितव्ययी र कार्य दक्षता प्राप्त गर्ने हिसाबले पनि सशर्त अनुदान प्रदान गरिन्छ (जस्तै: सामाजिक सुरक्षाको रकम संघीय सरकरको जिम्मेवारीमा भएर पनि स्थानीय सरकार मार्फत वितरण भइराखेको) ।

त्यस बाहेक हाम्रो जस्तो मुलुकमा वैदेशिक सहयोगमा सञ्चालित योजना, रणनैतिक महत्वका योजनाहरूको कार्यान्वयन आदिमा पनि सशर्त अनुदान प्रदान गर्नु सान्दर्भिक नै हुन आउँछ । तर सशर्त अनुदानको कार्यान्वयन गर्दा सबैभन्दा विचारणीय पक्ष के हो भने सशर्त अनुदान प्रदान गर्दा अर्को तहको अधिकार माथि कहिल्यै पनि हस्तक्षेप गर्नुहुँदैन वा भएको हुनुहुँदैन । तर नेपालको सन्दर्भमा सशर्त अनुदानको प्रयोग शुरूका वर्षहरूबाट नै यसको उद्देश्य भन्दा बाहिर अन्य तहको सरकारको अधिकारमा हस्तक्षेप बढी गर्ने गरी भइराखेको छ । आगामी आवको बजेटमा पनि यस्ता उदाहरण धेरै पाइन्छ ।

शहरी विकास, कृषि, वन, भौतिक पूर्वाधार जस्ता मन्त्रालयका सशर्त अनुदान हेर्ने हो भने योसँग सम्बन्धित सैद्धान्तिक उद्देश्य जस्तै: भन्दा स-साना योजनाहरूमा प्रदेश तथा स्थानीय तहको अधिकारमा अतिक्रमण हुने गरी रकम विनियोजन गरिएको पाइन्छ । उदाहरणको लागि शहरी विकास मन्त्रालयको बजेटमा पच्चीस, पचास लाखका मन्दिर निर्माणदेखि स-साना सडक निर्माणका सयौं सशर्त अनुदानका बजेट उल्लेख गरिएको छ । वन मन्त्रालय अन्तर्गत उत्पादित बहुवर्षीया बिरुवाहरूको हेरचाह जस्ता शीर्षकमा प्रदेशलाई सशर्त अनुदान प्रदान गरिएको छ । कृषि लगायत अन्य मन्त्रालयका वार्षिक कार्यक्रम हेर्ने हो भने यस्ता सयौं उदहारण पाइन्छन् । (पुनश्च: यस लेखको उद्देश्य कुनै कार्यक्रम वा आयोजनाको उद्देश्य वा औचित्यता माथि प्रश्न गर्ने नभई त्यस्ता कार्यक्रमहरू संघीयताको मर्म अनुरुप छन् कि छैनन् भन्ने मात्र हो ।)

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रत्येक वर्ष संघ तथा प्रदेश सरकारलाई सशर्त अनुदानको लागि आधार तयार गर्ने काम गरी सोही बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने गर्दछ ।

*(साभार: अनलाइनखबर)*

# ६५ जनाको विपद् प्रतिकार्य द्रुतटोली बनाउँदै एमाले मकवानपुर



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ नेकपा एमाले मकवानपुरले विपद्को समयमा नागरिकको सुरक्षाका लागि खटिन विपद् प्रतिकार्य द्रुतटोली निर्माण गर्ने भएको छ ।

एमाले मकवानपुरको जिल्ला विपद् व्यवस्थापन तथा स्वयंमसेवक विभाग, वन तथा वातावरण विभाग, स्वास्थ्य बिभाग तथा जनसंगठन समन्वय संयन्त्रको बिहिबार पार्टी कार्यालयमा बसेको संयुक्त बैठकले जिल्लास्तरीय विपद्प्रतिकार्य द्रुतटोली (स्वयमसेवक दस्ता) बनाउने निर्णय गरेको हो । जिल्ला विपद् विभागका प्रमुख शिवहरि दाहालको अध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर पार्टी इञ्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यता, पार्टी जिल्ला सचिव सीता विष्ट, उपसचिव आरती पाठक, जनसंगठन समन्वय संयन्त्रका प्रमुख सन्तोश पौडेल, उपप्रमुख मिलन पाठक, पार्टी जिल्ला सदस्यहरु पन्चमाया स्याङतान तथा आकाश अधिकारीलगायतको आतिथ्यतामा बसेको बैठकले ६५ जनाको जिल्लास्तरको द्रुतटोली बनाउने निर्णय गरेको हो ।

बैठकले जिल्लाका १० वटै स्थानीय तहमा पालिकास्तरको विपद् प्रतिकार्य टोली बनाउने योजना पनि बनाएको छ । विभाग प्रमुख दाहालका अनुसार जिल्लास्तरको र गाउँगाउँमा निर्माण गरिने प्रतिकार्य टोलीले विपद्को पूर्वानुमान गरेर पूर्वतयारी वा विपद्ले समस्या बनाएको स्थानमा पुगेर नागरिकको जीवनरक्षा र भौतिक संरचनाको सुरक्षाको दृष्टिकोणले सरकारी निकायसँग समन्वय गरी काम गर्नेछ । विपद् प्रतिकार्य टोली निर्माणका लागि विभागले विपद् प्रतिकार्यसम्बन्धी तालिम आयोजना गर्दैछ ।

'हरेक पालिकामा एमालेले विपद् प्रतिकार्य टोली बनाउनेछ । जिल्लाको टोली भन्दा गाउँको टोली प्रभावित क्षेत्रमा तत्काल पुग्ने भएकाले गाउँगाउँमै विपद् प्रतिकार्यको लागि समूह तयार बनाउन लागिएको हो' विभागप्रमुख दाहालले भने, 'एमाले मकवानपुर नागरिकको सुरक्षामा संवेदनशील भएर अघि बढेको छ ।' बैठकलाई सम्बोधन गर्दै एमाले केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज रानाले विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, उद्दार तथा राहत वितरण कार्यमा पार्टीपङ्क्तिलाई परिचालित गर्नेको लागि आवश्यक योजना निर्माण गरिएको बताए ।

उनले सरदरभन्दा यसवर्ष बढी वर्षा हुने अनुमान गरिएको सन्दर्भलाई दृष्टिगत गरी आवश्यक कार्ययोजनासहित सम्भावित विपद् व्यवस्थापनमा पार्टीपङ्क्तिलाई परिचालन गर्न लागेको बताएका छन् । बैठकमा जिल्ला बिपद ब्यबस्थापन विभागका सचिव सुरेश बेरोजगार, वन तथा वातावरण बिभागका सचिव कृष्ण बिडारी, स्वास्थ्य बिभागका सचिव उमेश अधिकारी, जनसंगठन समन्वय संयन्त्रका उपप्रमुख मिलन पाठक तथा नेकपा एमाले मकवानपुरका जिल्ला सदस्य आकाश अधिकारीले मन्तव्य ब्यक्त गरेका थिए ।

# अचेत अवस्थामा भेटिएका चेपाङको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ अचेत अवस्थामा भेटिएका मकवानपुरका सानो माइला चेपाङको मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-१९, बस्तीपुरको प्रतीक्षालयमा अचेत अवस्थामा फेला परेका उनको उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीका अनुसार, मनहरी गाउँपालिका-३ ढेडुवाखोलाका ४२ वर्षीय उनलाई बुधबार राति मादकपदार्थ सेवन गरेर प्रतीक्षालयमा अचेत अवस्थामा भेटिइएको थियो । इलाका प्रहरी कार्यालय नेवार पानीबाट खटिएको प्रहरीले चेपाङको उद्दार गरी उपचारका लागि अटोमा राखेर हेटौंडा अस्पतालमा लगेको थियो । अस्पतालमा उपचारको क्रममा गएराति नै मृत्यु भएको प्रहरी वरिष्ठउपरीक्षक सूचनाअधिकारी सञ्जयसिंह थापाले जानकारी दिए ।

त्यस्तै, पूर्वी मकवानपुरको बागमती-७ पाथीभरामा नुहाउने क्रममा ढुंगामा चिप्लिएर जमेको पानीमा डुबेर एक बालिका घाइते भएकी छन् । पानीमा डुबेर स्थानीय १२ वर्षीया मेलिनाकुमारी राई घाइते भएकी हुन् । दिदीहरुसँग चौंराखोलामा नुहाउने क्रममा ढुंगामा चिप्लिएर जमेको पानीमा डुबेर उनी घाइते भएको प्रहरीले जनाएको छ ।

# नेता बानियाँले गरे मनहरीमा एकैदिन पाँच पूर्वाधारको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले बिहिवार मकवानपुरको मनहरी गाउँपालिका-६ का विभिन्न स्थानमा निर्माण सम्पन्न भएका पाँच पूर्वाधार परि योजनाको उद्घाटन गरेका छन् ।

मनहरी-६ स्थित रमौली प्रतापुरको १ किलोमिटर कालोपत्रे सडक, जोगीताल पक्की पुल, सुनाचुरी-जोगीताल १ किलोमिटर सडक, तिलेश्वर मन्दिर र सुनाचुरी गुम्बाचोकस्थित क्लब भवन तथा जिम क्लबको नेता बानियाँले उद्घाटन गरेका हुन् । नेता बानियाँले मनहरी गाउँपालिकाको ६ नम्बर वडा अरु वडाभन्दा भौगोलिक दृष्टिले ठूलो र दुर्गम रहेको बताउँदै यस वडामा प्रदेश र स्थानीय तहको समन्वयमा विगतदेखि नै विभिन्न विकास निर्माणका योजना सञ्चालन हुँदै आएको बताए । ब्यक्तिको आस्था जुनसुकै पार्टीमा रहनसक्ने भएकाले जनप्रतिनिधिले जनता र गाउँको विकासमा राजनीति गर्न नहुने बताए ।

नेता बानियाँले चितवन राष्ट्रिय निकुञ्जबाट यहाँका स्थानीयको विकासमा आएका अवरोधलाई प्रदेश र स्थानीय तहसँग समन्वय गरेर समाधान गरी तटबन्ध, बाटो र पूर्वाधार निर्माणलाई तीव्रता दिने प्रतिवद्धता व्यक्त गर्दै वडा, पालिका र प्रदेश सरकारको समन्वयमा स्थानीय जनतालाई रोजगारी तथा आयआर्जनमा जोड्ने योजनामा जनप्रतिनिधिलाई आग्रह गरे । बागमती प्रदेश, मनहरी गाउँपालिका र वडाबाट बिनियोजित बजेटद्वारा निर्मित पूर्वाधारको उद्घाटन कार्यक्रम मनहरी-६ का वडाअध्यक्ष युवराज थपलियाको सभाध्यक्षता रहेको थियो ।

कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, मनहरी-७ का वडाअध्यक्ष ठाकुरराम तितुङ, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलालगायतले मन्तव्य ब्यक्त गरेका थिए । नेता बानियाँले आफूले निर्वाचनमा दिएको बचन पूरा गर्न सँधै लागिपर्ने बताए ।

# अन्तर्राष्ट्रिय दिवसको अवसरमा जनचेतनामूलक कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा हेटौंडामा सप्ताहव्यापी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय मकवानपुरको संयुक्त आयोजनामा सञ्चालन गरिएको अभियान बिहिबारसम्म चलेको हो । कार्यक्रमअन्तर्गत विभिन्न विद्यालय र समुदायमा केन्द्रित गरी अन्तरक्रिया, प्रभातफेरी, र्‍याली, सचेतना कार्यक्रम आयोजना गरिएका थिए । विशेषगरी विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक र समुदायका विभिन्न तहका व्यक्तिलाई लक्षित गर्दै लागुऔषधको दुरुपयोग र अवैध कारोबारले पार्ने प्रभावबारे जनचेतना फैलाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो ।

समापन कार्यक्रम बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछानेको प्रमुख आतिथ्यतामा भएको हो । मन्त्री लामिछानेले लागूऔषधको सेवन र ओसारपसार नियन्त्रणका लागि सबैक्षेत्रबाट लाग्नुपर्ने बताए । मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विशिष्टअतिथिका रुपमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्का, जिल्ला सुरक्षा समिति सदस्यहरु, विभिन्न संघसंस्था तथा राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, शिक्षक, विद्यार्थी, बुद्धिजीवी तथा स्थानीय नागरिकको सहभागिता रहेको थियो ।

कार्यक्रमअन्तर्गत बिहान जिल्ला प्रहरी कार्यालयको परिसरमा सहभागीको भेला भएको थियो । त्यहाँबाट प्रभातफेरी सुरुभई बसपार्क, सीमाचोक हुँदै बुद्धचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभामा वक्ताहरुले लागुऔषध दुरुपयोग र अवैध कारोबारले युवा पुस्तालाई कसरी अपराध र नाशको दिशातर्फ लैजाँदैछ भन्ने विषयमा प्रकाश पारेका थिए । सरकार, सुरक्षा निकाय, शिक्षालय र अभिभावकबीच समन्वय गरी बालबालिकालाई प्रारम्भिक तहमै सचेत गराउनुपर्ने आवश्यकता औंल्याइएका थिए ।

# प्रहरीको हतियार खरिद, कमिसनले सधैं विवादित



काठमाडौं/१५ चैत २०८१ मा भएको राजावादी प्रदर्शनमा नेपाल प्रहरीले घातक हतियार एसएलआर र इन्सासबाट ८१ राउण्ड गोली चलायो । बल तथा हतियार प्रयोगको अन्तर्राष्ट्रिय सिद्धान्तले भीड नियन्त्रणमा गैरघातक हतियार मात्र प्रयोग गर्नु भन्छ । तर, सीमित हतियारबाट काम चलाइ रहेको प्रहरीले नेपाली सेनाबाट पाएको 'इन्सास राइफल' समेत प्रयोग गर्दा १९ जना प्रहरीको गोली लागेर घाइते भए । एक जनाले ज्यानै गुमाए ।

यदि प्रहरीले त्यो दिन गैरघातक हतियार प्रयोग गरेको भए अहिलेसम्म घाइतेले अस्पतालमा बसेर उपचार गरिरहनु पर्ने थिएन । तर, प्रहरी प्रवक्ता डीआईजी विनोद घिमिरेका अनुसार, प्रहरीसँग पर्याप्त गैरघातक हतियार नै छैनन् । 'त्यो दिन छिमेकी जिल्लाहरुबाट समेत मगाएर भिड नियन्त्रणमा हतियार प्रयोग भएको थियो, त्यति पनि पर्याप्त नभएपछि अरु हतियार समेत प्रयोग भएका थिए', उनी थप्छन्, 'त्यो प्रदर्शनलाई नियन्त्रणमा लिन सशस्त्र प्रहरीबाट समेत एक हजार थान अश्रुग्याँस सापटी लिइएको थियो ।' त्यो अश्रुग्याँस सशस्त्र प्रहरीलाई फिर्ता गर्न अझै बाँकी नै छ ।

त्यो प्रदर्शनमा म्याद गुज्रिएको हतियार प्रहरीले प्रयोग गरेको भनेर आलोचना समेत भएको थियो । त्यसको प्रतिवाद गर्दै प्रहरी महानिरीक्षक (आईजीपी) दिपक थापाले दिएको अभिव्यक्ति विवादमा समेत परेको थियो । प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकृतहरुका अनुसार, खासमा प्रहरीले २०७८ देखि अश्रुग्यास किन्न सकेकै थिएन । 'त्यसयता कयौं ठूला प्रदर्शनहरु भए, भण्डारमा एकदमै कम संख्यामा मात्र बचेका थिए', उनले भने, 'त्यो स्थितिमा राजावादी प्रदर्शनका बेला सुरक्षा चुनौति मूल्यांकन गरेर सशस्त्रबाट पनि सापटी लिइएको थियो ।'

दुर्गा प्रसाईं नेतृत्वको समूह र महेश बस्नेत नेतृत्वको एमाले टोलीले एकैदिन बल्खु र तिनकुनेमा ७ मंसिर २०८० मा प्रदर्शन राखेका बेला पनि हतियार व्यवस्थापनमा चुनौति भएको थियो ।

'त्यसबेला म आफैं तालिम केन्द्रको नेतृत्व गरिरहेको थिएँ, त्यहाँ भएजति अधिकांश हतियार पठाइदिएको थिएँ', प्रहरी नायब महानिरीक्षक (डीआईजी) घिमिरे भन्छन्, 'प्रदर्शनमा मात्र होइन, तालिमका लागि पनि प्रहरीलाई हतियारको अभाव छ ।' कतिसम्म भने प्रहरीले अभ्यासका लागि काठको हतियार प्रयोग गरेको उदाहरण समेत रहेको अधिकारीहरु बताउँछन् ।

'एउटा तालिम सम्बन्धित निर्देशिकामा २० राउण्ड गोली हान्नु पर्ने उल्लेख छ, तर त्यसमा ५ राउण्ड मात्र हानेर प्रहरी तयार गरिरहेका छौं', अर्का एक अधिकृत भन्छन्, 'यूएनको जाँचमा पनि गोलीको परीक्षा हुन्छ, भीआईपी सुरक्षा तालिममा पनि यसको आवश्यक पर्छ ।'

अहिले तालिममा 'फायरिङ सिमुलेटर' समेत प्रयोग गरिए पनि पर्याप्त गोलीमा पर्याप्त अभ्यास नहुँदा अधिकृतहरुको सटिकतामा समस्या पर्ने गरेको उनी बताउँछन् । प्रहरी प्रधान कार्यालयको भीआईपी सुरक्षा व्यवस्थापन निर्देशनालयका अनुसार, अहिले विशिष्ट व्यक्तिको सुरक्षामा खटाउनुपर्ने प्रहरी नै १८ सय छन् ।

'करिब ११ सय जना विशिष्ट व्यक्तिहरुलाई पिएसओ सुविधा दिइएको छ', त्यहाँ कार्यरत् एक अधिकृत भन्छन्, 'उनीहरुलाई थ्रिनटथ्री हतियार दिएर पठाउन मिलेन, लौरो दिएर पनि भएन ! पेस्तोलको एकदमै खाँचो छ ।'

हुन पनि २०७९ सालको चुनावमा नेपाली सेनासँग ९९९ थान पेस्तोल सापटी लिएर नेपाल प्रहरी चुनावी सुरक्षामा खटिएको थियो । तत्कालीन आईजीपी शैलेश थापा क्षेत्रीले चुनावी सुरक्षामै असर पर्न सक्ने देखिएको भन्दै सेनासँग २ हजार २ वटा हतियार सापटी (बालगिरी) मा मागेका थिए ।

सेनालाई समेत हतियार आवश्यक हुने भन्दै जंगीअड्डाले एक समझदारी-पत्रमा हस्ताक्षर गर ाएर ९९९ वटा पेस्तोल प्रहरीलाई निर्वाचन अवधिभरि प्रयोग गर्न भन्दै दिएको थियो । प्रदेश र प्रतिनिधिसभा चुनावमा पनि सापटीकै हतियारका भरमा प्रहरी सुरक्षार्थ खटिएको थियो । यद्यपि, यो अवधिमा सरकारले प्रहरीलाई चाहिने हतियार किन्न बजेट नै नछुट्याएको भने होइन ।

प्रहरी प्रधान कार्यालय, नक्सालले वर्षेनि हतियार खरिदका लागि प्रस्ताव अर्थ मन्त्रालयमा पठाउँदै आएको थियो । २०७९ सालमा एक अर्ब ३५ करोड रुपैयाँ बराबरको हतियार खरिद प्रस्ताव गर्दा ८४ करोड रुपैयाँ छुट्टिएको थियो । बजेट विनियोजन भएपछि प्रहरीले हतियार र भिड नियन्त्रण सामग्री खरिद गर्ने प्रक्रिया अघि बढाएको थियो ।

तर, आर्थिक वर्षको अन्त्यतिर प्रहरीलाई रकमान्तर भएको बजेटमा 'फेजआउट' भइसकेको १२ बोरको १२ सय हतियार खरिद गर्ने प्रस्ताव समेत अघि बढेपछि विवाद सुरु भयो । १० वर्ष अघि नै काम नलाग्ने घोषणा गरिएको हतियार समेत खरिद प्रक्रियामा रहेको देखिएपछि विवाद बढ्दै गयो, विदेशी मुद्रा सिञ्चिति समेत घट्दो क्रममा रहेका बेला पछि खरिद प्रक्रिया नै रोकियो ।

त्यसबेला प्रहरी प्रधान कार्यालयले १२ बोरको हतियारबाहेक २५ हजार अश्रुग्याँस, ११५० फोल्डिङ सर्ट गन र १० लाख प्लास्टिकको गोली खरिद गने प्रक्रिया अघि बढेको बताएको थियो । विभिन्न हतियारमा लाग्ने ५ लाख गोली चाहिँ प्रहरीले नेपाली सेनाबाट खरिद गर्ने भनिएको थियो । आगामी आर्थिक वर्षको बजेटमा समेत प्रहरीका लागि करिब एक अर्ब रुपैयाँ छुट्टिएको छ । तर, हतियार खरिद गर्न बजेट छुट्टिएको विवरण सार्वजनिक भएलगत्तै यसपटक पनि प्रश्न उठ्न थालेका छन् ।

नेपाल प्रहरीका अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पुष्कर कार्की अहिलेको तरल राजनीतिक अवस्थाका बेला प्रहरीलाई भिड नियन्त्रणका लागि उपयुक्त हतियारहरु आवश्यक देख्छन् । 'हतियारको कुरा आउने वित्तिकै विचौलियाको कुरा आउँछ र त्यसमा विवाद हुने गर्छ', उनी भन्छन्, 'तर, प्रहरी प्रधान कार्यालय आफूलाई कस्तो किसिमको हतियार आवश्यक छ, किन चाहिन्छ भन्ने कुरा तय गरेर आवश्यकता पुष्टि गर्दै खरिद गर्नुपर्छ ।' २०४६ सालको आन्दोलनमा दमन भएको भन्दै विरोध भएको राइफल अझै प्रहरीले छाड्न नसकेको भन्दै उनी थप्छन्, 'भिड नियन्त्रणमा उपकरण चाहिन्छ, यस्तोमा कुन संगठनलाई कस्तो हतियार दिने भन्ने निर्क्यौल गरेर खरिद गर्नुपर्छ । त्यसमा धेरै विवाद गर्नुपर्छ जस्तो लाग्दैन ।'

बरु खरिद प्रक्रियामा दायाँ-बायाँ भए अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा अरु निकायबाट निगरानी गर्न सकिने उनी बताउँछन् । नेपाल प्रहरीका प्रवक्ता घिमिरे पनि कार्कीको तर्कसँग सहमत छन् । 'प्रहरीलाई आवश्यक भएकैले हतियार माग भएको हो र नियमित बजेटबाटै यसमा रकम छुट्टिएको हो', उनी थप्छन्, 'अनियमितता नहोस् भन्ने हिसाबले खबरदारी गर्ने मुख्य कुरा हो, त्यो गर्नुपर्छ । तर, किन्नै हुँदैन भन्ने कुरा ठिक भएन ।'

प्रहरीका अनुसार, अहिले हतियार खरिदका लागि 'सुरक्षा, सामरिक तथा प्रतिरक्षा कार्यविधि, २०६४' को २०७६ सालमा भएको संशोधन अनुसार फर्महरु सूचिकृत गराउन आह्वान गरिएको छ । त्यसअन्तरगत 'क' वर्गका फर्महरुमार्फत हतियार खरिदको प्रक्रिया अघि बढाइने अधिकृतहरु बताउँछन् । 'यो प्रक्रियापछि मात्रै कस्तो हतियार ल्याउने, कसले ल्याउने भन्ने टुंगो लाग्ने हो', एक अधिकृत भन्छन् ।

जानकारहरुका अनुसार , हतियार खरिदमा सधैं विवाद हुनुको मुख्य कारण यसपछाडि हुने कमिसनको खेल हो । 'हतियार खरिद गर्दा विश्वभरि नै कमिसन विवाद हुने गर्छ, अन्तर्राष्ट्रिय कम्पनीहरुले तोकेको दर एउटा हुन्छ, त्यसमा छुट्टै कमिसन पनि हुन्छ', पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) उत्तमराज सुवेदी भन्छन्, 'नेपालको कानुन अनुसार कमिसन देखाउने कुनै प्रणाली छैन र त्यो रकममा विचौलिया सक्रिय हुने हुँदा यसमा विवाद हुने गर्छ ।'

फेरि विगतमा सत्तारुढ दलसँग निकट भएका व्यापारीहरुकै हतियार खरिदमा सक्रियता देखिने गरेको छ । त्यही कारण पनि हतियार खरिद विवादमा पर्ने गरेको हो । प्रहरीमा झण्डै एक दशकदेखि हतियार खरिद नहुनुको कारण पनि त्यसकै वरिपरि घुमेको सुवेदी बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# आफ्नै पारिश्रमिक उठाएर देखाउन कलाकारलाई शोभितको चुनौती



काठमाडौं/निर्देशक तथा निर्माता शोभित बस्नेत बेला बखतमा कलाकारहरूको महँगो पारिश्रमिकलाई लिएर खरो टिप्पणी गरिरहेका हुन्छन् । बिहीबार आफ्नो नयाँ फिल्म 'पीआर'को टिजर सार्वजनिक कार्यक्रममा पनि उनी महँगा कलाकारमाथि खनिन छाडेनन् । कुनै कलाकारले आफ्नो पारिश्रमिक मात्रै पनि उठाउने जिम्मा लिए अहिले नै आफू फिल्ममा लगानी गर्न तयार रहेको उनको भनाइ छ ।

शोभित भन्छन्, '५०/६० लाख पारिश्रमिक लिने कलाकारले आफ्नो मनपर्ने निर्देशकदेखि छायाँकारसम्म सबै ल्याओस् । उसले चाहेको जति पारिश्रमिक पनि लिओस् । त्यसमा जति नै लगानी भए पनि मसहित 'पीआर'का निर्माता हाल्न तयार छौं । तर, त्यो कलाकारले फिल्मको लगानी होइन, मेरो पारिश्रमिक म आफैं उठाउँछु भनेर 'ग्यारेन्टी' गरोस्, म अहिले नै अर्को फिल्म बनाउँछु ।'

नेपालमा आफ्नो पारि श्रमिक उठाउन सक्ने कोही कलाकार नभएको शोभितको जिकिर छ । अहिले कलाकारहरूले बढाएको पारिश्रमिकले भविष्यमा फिल्म क्षेत्रलाई ठूलो घाटा हुने समेत उनको भनाइ छ । भन्छन्, 'अहिले जसरी कलाकारहरूले पारिश्रमिक बढाएका छन्, त्यसले भविष्यमा फिल्म क्षेत्रलाई ठूलो घाटा हुन्छ । नेपाली फिल्मलाई बचाउने हो भने पहिला निर्माता बचाउनुपर्छ ।'

उनले आफ्नोबारे फिल्म क्षेत्रका व्यक्तिहरूले जति नै आलोचना गरे पनि यो क्षेत्रबाट आफू कहिल्यै टाढा नहुने दाबी गरेका छन् । 'मैले ५२ सालदेखि निर्देशन गर्न थालेको हुँ । ५०, ६० र ७० को दशकमा आएका धेरैले शोभित पनि निर्देशक हो र भन्थे । अहिले ती सबै हराए । तर, म यही क्षेत्रमा छु । अहिले आएका पनि धेरै हराइ सक्नेछन् । तर, म यो क्षेत्रबाट कतै पनि जाँदिनँ,' उनले भने ।

# शोभित बस्नेतको 'पीआर' टिजरमा के छ ?



काठमाडौं/शोभित बस्नेतको निर्देशनमा बनेको फिल्म 'पीआर : पर्मानेन्ट रेसिडेन्ट'को टिजर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक टिजरमा अष्ट्रेलियन पीआर लिन नेपालीहरूले गरेको संघर्ष, उनीहरूबाट परिवारले राख्ने अपेक्षा र अष्ट्रेलियामा गर्नुपर्ने दु:खलाई देखाइएको छ । प्रेम, बदला, धोका, र विछोडको मिश्रण रहेको टिजरको अन्तिम दृश्य मर्मस्पर्शी छ ।

सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा नीर शाह, गौरी मल्ल, दिक्पाल कार्की, रविन्द्र खड्का, उत्तम केसी, आर.ए. सुरज पौडेल, राजन कुँवर, विनिता कार्की, पूजा चौधरी, विमला खत्री, आश्मा अधिकारी, नवीन घायल, कुशल थापा, कृष्ण थापा, म्याक्स, गणेश बुढाथोकी लगायतको अभिनय रहेको छ । फिल्मको निर्माण प्रदीप दाहाल र लक्ष्मण सापकोटाले गरेका हुन् ।

रञ्जित शाह र सन्तोष तिवारी प्रस्तुतकर्ता रहेको 'पीआर'मा सौरभ लामाको डीओपी, सौरभ सायमीको सिनेमेटोग्राफी, गणेश बुढाथोकीको लेखन, मानस राज र भीम बिसीको संगीत, प्रमोद परियारको ब्याकग्राउन्ड स्कोर, राजेन्द्र मोक्तानको कलर तथा रामजी लामिछानेको नृत्य निर्देशन छ । अष्ट्रेलिया र नेपालमा छायांकन गरिएको फिल्मको प्रदर्शन मिति भने घोषणा गरिएको छैन ।

टिजर सार्वजनिक कार्यक्रममा निर्देशक बस्नेतले विदेश बस्ने नेपालीहरूको यथार्थ चित्रण फिल्ममा गरिएको बताए । उनले भने, 'हामीले विदेश बस्नेहरूले ठूलठूला भवन र महँगा गाडीको अगाडि खिचेको सेल्फी देखेका होलाउँ, तर त्यहाँ उहाँहरूलाई के दु:ख छ भनेर देखेका हुँदैनौं । मैले फिल्ममा विदेश बस्नेहरूको संघर्ष र नेपाल बस्ने परिवारले गर्नुपर्ने दायित्वलाई देखाउन खोजेको छु ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नसर्ने रोगविरुद्ध हेटौंडामा सचेतनामूलक र्‍याली

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ हिंड्ने गरौं साँझ र बिहान, नसर्ने रोग विरुद्ध हाम्रो अभियान भन्ने मूलनाराका साथ हेटौंडामा सचेतनामूलक र्‍याली निकालिएको छ ।




जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा सचेतनामूलक र्‍याली निकालिएका हो । बिहीबार बिहान जनस्वास्थ्य कार्यालयबाट सुरु भएको र्‍याली हेटौंडाको सानोपोखरा, मनकामनाचोक, उद्योग वाणिज्य संघ, सीमाचोक हुँदै पुनः जनस्वास्थ्य कार्यालयमा आएर समापन भएको थियो । विश्व स्वास्थ्य संगठनका नसर्ने रोग तथा मानसिक स्वास्थ्य कार्यक्रमका डा.अनुपविक्रम बिसीले नसर्ने रोगको बारेमा सहजीकरण गरेका थिए । नसर्ने रोगबाट बच्ने उपायअन्तर्गत मेरो ९ प्रतिबद्धता, स्वस्थ्यजीवनको आवश्यकता भन्ने प्रतिविद्धतामा जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण मिजारले हस्ताक्षर गरेका छन् ।

र्‍यालीमा स्वास्थ्य मन्त्रालय, निर्देशनालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्थानीय तहका स्वास्थ्य प्रतिनिधि र नागरिक समाजको उपस्थिति थियो । जनस्वास्थ्य कार्यालयले नसर्ने रोगबारे सचेतना फैलाउनका लागि हिमालयन राइडर्स सोसाइटी मकवानपुरको सहकार्यमा साइकल र्‍याली र निःशुल्क स्वास्थ्यपरीक्षणको गरेको थियो । जनस्वास्थ्य कार्यालय मकवानपुरको पाँच आर्थिक वर्षको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/७७ मा १ हजार ६ सय ५४ मधुमेहका बिरामी रहेकोमा २०८०/८१ मा बढेर ९ हजार २ सय ६ पुगेको छ ।

जिल्लामा उच्चरक्तचापको बिरामी आर्थिक वर्ष २०७६/७७ मा पाँच हजार ३५९ रहेकोमा २०८०/८१ मा बढेर १६ हजार २७ पुगेको छ । त्यस्तै दमखोकीका बिरामी आव २०७६/७७ मा दुई हजार १५३ रहेकोमा आव २०८०/८१ मा तीन हजार ४८१ पुगेको हो । पछिल्लो समय मुटुरोग र मिगौलासम्बन्धी रोगका बिरामी बढ्दै गएपनि हेटौंडा अस्पतालले सबै बिरामीको विवरण उपलब्ध नगराउँदा यकिन तथ्यांक आउन नसकेको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले बताएका छन् । उनले नियमित व्यायाम, शारीरिक सक्रियता, स्वस्थ आहारव्यवहार, धूमपान तथा सुर्तीजन्यपदार्थ र मदिराको लतबाट टाढा रहने, नुनको सेवन कम गर्ने, चिल्लो कम मात्रामा खाने, फलफूल तथा सागसब्जीको सेवन बढाउन सुझाव दिएका छन् ।

नेपालमा सन् २०१० को तथ्यांकअनुसार ५१ प्रतिशत, सन् २०१४ मा ६० प्रतिशत, सन् २०१६ मा ६६ प्रतिशत र सन् २०१९ मा ७१ प्रतिशतमा नसर्ने रोग देखा परेको छ । जसमध्य ३० प्रतिशतमा मुटुरोग रहेको छ भने जम्मा जनसंख्याको ८ प्रतिशत सवारी दुर्घटनामा परेर मर्ने गरेको तथ्यांक छ । विश्व स्वास्थ्य संगठनको सन् २०१८ को आँकडाअनुसार नेपालको कुल मृत्युमध्ये करिब ६६ प्रतिशत मृत्युका कारण नसर्ने रोग भएको पाइएको छ । यसै गरी ३०-७० वर्ष उमेर समूहमा अल्पायुमा नै मृत्युको प्रमुख कारणका रुपमा देखिएको छ ।

# कृषिक्षेत्रको प्रवर्द्धन गर्दै मउवासंघ

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आयोजना तथा मकवानपुर उद्योग वाणिज्य संघको समन्वयमा कृषि तथा पशुपन्छी विकाससम्बन्धी एक दिवसीय अभिमुखीकरण बिहीबार हेटौंडामा सम्पन्न भएको छ ।

संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षता तथा बागमती प्रदेश कृषि विकास निर्देशनालयका निर्देशक सुधीर श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा. गौरीमान श्रेष्ठको विशिष्ट आतिथ्यता रहेको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषिप्रसार अधिकृत झरना पन्थी, मकवानपुर उद्योग वाणिज्य संघका सचिव कुलप्रसाद चौलागाई, कृषि प्रवर्द्धन समितिका संयोजक निलमकुमारी पाण्डेलगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा संघका अध्यक्ष रानाभाटले कृषकलाई आफ्नो कार्यक्षेत्रमा दक्ष भएर काम गर्न सघाउने हिसावले कार्यक्रम आयोजना गरिएको बताए । उनले कार्यक्रमका प्रशिक्षकबाट प्रदान हुने जानकारी कृषकको लागि महत्वपूर्ण हुने बताए । कृषि विकास निर्देशक श्रेष्ठले मकवानपुर जिल्ला कृषिको लागि सम्भावनायुक्त रहेको बताए । किवी, च्याउ जस्ता कृषिउपज आयबृद्धिको लागि सम्भावनायुक्त रहेको, कृषि पर्यटनको सम्भावना रहेको, कृषकले उत्पादन गर्न जानेका हुन्छन् र त्यसको बजार व्यवस्थापनको लागि संघसँग सहकार्य अत्यावश्यक रहेको बताए ।

एक गाउँ एक उत्पादनको अवधारणामा संघसँग मिलेर काम गर्न सकिने उनको धारणा थियो । प्रदेश सरकारले साना सिंचाइ कार्यक्रम महत्वका साथ गरिरहेको, प्रदेश सरकारले स्वदेशी कच्चापदार्थमा आधारित कृषिऔजार कारखानालाई मद्दत गरिरहेको, ३८ करोड लागतमा प्रादेशिक कृषि थोकबजार हेटौंडामा निर्माण भइरहेको, संविधानले स्थानीय तहलाई कृषिको महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको बताए ।

सहभागी कृषकले न्यूनतम र अधिकतम कति कर्जा पाइने जानकारी नभएकाले कार्यक्रममा त्यो विषय जोडिने अपेक्षा गरेको, एकलमहिलालाई कृषिकर्जा प्रवाह जटिल रहेको संघका महासचिव प्रतिमा श्रेष्ठले बताइन् । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा. गौरिमान श्रेष्ठले पशुपन्छी तथा मत्स्य विकाससम्बन्धी विभिन्न विषय समेटी प्रस्तुतिकरण दिएका थिए । मन्त्रालयका वरिष्ठ कृषिप्रसार अधिकृत पन्थीले कृषि सम्बन्धमा कार्यपत्र प्रस्तुतिकरण गरेकी थिइन् ।

कार्यक्रममा कृषि विकास बैंकका अधिकृत संजय विष्टले बैंकिङ विषय, कर्जाप्रवाह, अनलाइन बैंकिङ जस्ता विषय समेटी प्रस्तुतिकरण गरे । संघका कृषिप्रवर्द्धन समिति सदस्य तथा युवा कृषिउद्यमी फ्रेन्चु लामाले विषादिले मानव जीवनमा पार्ने असर, विषादिको सुरक्षित प्रयोग तथा भण्डारण, कृषि तथा पशुपालनमा सम्भावना र चुनौती, बजार व्यवस्थापन आदि विषय समेटी प्रस्तुतिकरण गरे ।

मकवानपुरका मनहरी, राक्सिराङ, कैलाश, थाहा, इन्द्रसरोवर, भीमफेदी, मकवानपुरगढी, बकैया र हेटौंडाका कृषकसहित ५५ जनाको सहभागिता रहेको थियो । संघको कृषिप्रवर्द्धन समिति संयोजक पाण्डेले कृषकको विभिन्न विषय समेटी कृषककै लागि समितिले आफ्नो गतिविधि गरिरहेको, मकवानपुरका पालिकाले समन्वय गर्नेगरी संघले कृषकको उत्पादन बिक्रीको लागि पसलकवल निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको बताइन् ।

# फापरबारीस्थित चौराहाखोलामा बेलिब्रिज जडान हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/पूर्वी मकवानपुरका फापरबारीस्थित चौराहाखोलामा बेलिब्रिज जडानकार्य धमाधम भइरहेको छ । बागमती गाउँपालिका-६ र ८ जोड्ने गरी बागमती प्रदेश सरकारको लगानीमा बेलिब्रिज जडानकार्य भइरहेको हो ।

लामो समयदेखि अधुरो रहेको पुल निर्माणको योजनालाई पूर्णता दिन चालु आर्थिक वर्षमा बागमती प्रदेश सरकारले बजेट विनियोजन गरेसँगै बेलिब्रिज जडानकार्यले तीव्रता पाएको छ । बागमती प्रदेशको पूर्वाधार विकास कार्यालय, मकवानपुरमार्फत् भइरहेको बेलिब्रिज जडानकार्य मूल्य अभिवृद्धि करसहित तीन करोड ८५ लाख २५ हजार ७ सय ९५ रुपियाँको लागतमा एक वर्षभित्रमा सम्पन्न गर्ने गरी २०८१ कात्तिक १ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । पूर्वाधार विकास कार्यालय, मक्वानपुरका प्रमुख सुजन भण्डारीका अनुसार अहिले भइरहेको काम अनुसार निर्माण सम्पन्न हुने मितिभन्दा अगावै आगामी साउनमा नै बेलिब्रिज जडानकार्य पूरा भएर सवारीसाधन सञ्चालनमा आउने छ ।

८० मिटर लम्बाइको बेलिब्रिजको भारवहन क्षमता ४० टन रहेको छ । यो स्थानमा पुल निर्माण गर्न प्रदेश सरकारले आव २०७८/७९ मा समपुरक अनुदान अन्तर्गत बजेट विनियोजन भएपछि बागमती गाउँपालिकामार्फत् पुल निर्माण सुरु गरिएकको थियो । पालिकामार्फत् पुल निर्माण सुरु गरेपनि पर्याप्त बजेटको अभावमा पुल निर्माण अधुरो रहेको बागमती गाउँपालिकाको पूर्वाधार तथा वातावरण शाखाका असिस्टेण्ट सवइन्जिनियर अशोक महतोले जानकारी दिए ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा करिब ७७ लाख रुपैयाँ पुल निर्माणका लागि बजेट विनियोजन गरेकोमा बजेटबाट पुलको स्ट्रक्चर फाउण्डेशन निर्माणपछि पुल निर्माणकार्य अधुरो रहेको थियो । पुल निर्माणसँगै बागमती गाउँपालिकाको वडा नम्बर ६, ८ र ९ का करिब १० हजार बासिन्दा लाभान्वित हुने छन् । नेपाल रेडक्रस सोसाइटी फापरबारी उपशाखा सभापति शंकर पराजुलीले बेलिब्रिज निर्माण पछि वर्षायाममा स्थानीयलाई आवागमनमा सहज हुने भन्दै वर्षाको समयमा स्थानीय बासिन्दा विपद्को जोखिममा पर्दै आएको बताए ।

# जनश्रमदानबाट बाटो मर्मत



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ मकवानपुरको राक्सिराङ गाउँपालिका-४ पन्जनीका गाउँलेले जनश्रमदान गरी बाटो मर्मत गरेका छन् ।

वर्षायाम लागेलगत्तै जनश्रमदानबाट सुरु भएको बाटो मर्मत कार्यले पूर्णता पाएसँगै दुंगुखोला दोभानदेखि पन्जनी गाउँसम्मै मोटर चल्ने अबस्था रहेको स्थानीय युवा राजुमान थिङले बताए । गाउँलेले १ किलोमिटर बाटा मर्मत कार्य गरेर अटो, बोलेर भ्यानलगायत सवारी साधन आवतजावत गर्न सक्ने बनाएको थिङले जानकारी दिए । पन्जनी टोल विकास संस्थाको सक्रियतामा श्रमदान अभियान सञ्चालन गरी बाटो मर्मत गरिएको हो । वर्षायाम लागेदेखि नै बाटो भत्कन सुरु भएकाले स्थानीयलाई आवतजावतमा समस्या भइरहेको थियो । यसअघि ट्र्याक खोलिएको भएपनि बाटोको स्तरीकरण भइसकेको छैन ।

स्थानीयबासिन्दाले दुंगुखोलादेखि पन्जनीसम्मको बाटोको स्तरीकरणका लागि स्थानीय सरकार सँग माग गरेका छन् ।

राक्सिराङ गाउँपालिकाको ४ नं वडामा पुग्ने छोटो दूरीको बाटो भएपनि हेलामा परेको भन्दै स्थानीयले गुनासो गरेका छन् । दुंगु दोभानदेखि पन्जनी हुँदै वडा कार्यालयसम्मको बाटो स्तरीकरण गर्न सकेमा रतुवा हुँदै वडा कार्यालय पुग्न हाल प्रयोग हुँदै आएको बाटोको बिकल्प तयार हुने बताइएको छ । पन्जनीको बाटो स्तरीकरण हुनसके स्थानीय उत्पादनलाई बजार लैजान सजिलो पर्ने र उत्पादनमा बृद्धि हुने स्थानीय युवा थिङले बताएका छन् ।

श्रमदान गरी आफू हिँड्ने बाटो बनाउन पाउँदा स्थानीय खुसी छन् । 'हामीले कुटो कोदालो प्रयोग गरेर श्रमदान गरेका हौं' थिङले भने-'आफ्नो गाउँ आफै बनाउँ भन्ने भावना सबैमा हुनु पर्दछ ।'

# लागूऔषध खैरोहेरोइनसहित एक युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१० स्थित बसपार्कक्षेत्रबाट लागूऔषध खैरोहेरोइनसहित एक युवक पक्राउ परेका छन् ।



बुधबार बिहान करिब ३:१५ बजे लागूऔषध ओसारपसार भइरहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले बसपार्कस्थित ठेकिको छेउमा शंकास्पदरुपमा उभिएका हेटौंडा-१२ निवासी १९ वर्षीय प्रितम बललाई फेला पारी खानतलासी गर्दा लागूऔषध खैरोहेरोइन १६ ग्राम ४०० मिलिग्राम फेला परेको मकवानपुर प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिएका छन् ।

बलले लागूऔषध प्लास्टिकमा पोको पारेर आफ्नो पाइन्टको खल्तीमा लुकाइराखेको अवस्थामा फेला परेपछि प्रहरीले नियन्त्रणमा लिएको हो । उनलाई लागुऔषधसम्बन्धी कसुरमा मकवानपुर जिल्ला अदालतबाट तीन दिनको म्याद अनुमति लिई थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**अनलाइनको दर्ता खारेज सम्बन्धि सूचना !**

*प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१३*

"सूचना तथा प्रशारण विभागमा दर्ता नं. ४३८०–२०८०/२०८१ मिति २०८०/१०/२८ मा दर्ता रहेको तितो सत्य मिडिया प्रा.लि.द्धारा सञ्चालित www.titosatye.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइनसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८२/३/१३ देखि २०८२/३/२७ (१५ दिन) भित्र यस कम्पनीको ठेगाना चन्द्रपुर-४, रौतहट, मधेश, नेपाल, सञ्चालकको मोवाइल नम्बर ९८४५५१०८०० वा email: titosatye@5808@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने ब्यहोरा अनुरोध छ ।"

**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.**
**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**
पालुङ, मकवानपुर । Palung, Makawanpur

**कर्जा लिने सदस्यहरूलाई व्याज सहित कर्जा चुक्तागर्ने अत्यान्त जरूरी सूचना**

*प्रकाशित मितिः २०८२/०३/१३*

आदरणीय सदस्य महानुभावहरु,

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाबाट कर्जा उपभोग गरी खराब कर्जामा वर्गीकरण भएका कर्जाहरुको बक्यौता सावाँ तथा तोकिएको व्याज चुक्ता गर्ने विशेष अवसर प्रदान गरिएकोले सम्वन्धित कर्जा लिने सदस्यहरुले मिति २०८२ आषाढ मसान्त सम्ममा उक्त रकम चुक्ता गरी विशेष छुटको सुविधा लिनुहुन सूचित गर्दछौ ।

**सम्पर्कः पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको**
**प्रधान कार्यालय, थाहानगरपालिका वडा नं ४, थानाबजार, मकवानपुर**
**फोन नंः ०५७-४०००५, ०५७-४०००६, ५२३९४६**

**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.**
**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**
पालुङ, मकवानपुर । Palung, Makawanpur

**तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना**

*प्रकाशित मितिः २०८२/०३/१३*

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा अशुल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेच विखन गरी कर्जा रकम अशुल उपर गरी लिइनेछ । सोबाट समेत अशुलउपर हुनु पर्ने सम्पूर्ण रकम अशुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम अशुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम अशुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भई जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपशिल

| क.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : बबिता बिष्ट<br>बाबुको नाम : शिबजी थापा<br>पतिको नाम : बद्री बिष्ट<br>ना.प्र.प.नं. ३१३०२७/१८७<br>जारी मिति: २०६३/१०/१०<br>ठेगाना: दामन-३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : बद्री बिष्ट<br>बाबुको नाम : बलराम बिष्ट<br>बाजेको नाम : टेक बहादुर बिष्ट<br>ना.प्र.प.नं. ५२९ ना.म.<br>जारी मिति : २०४५/०१/१९<br>ठेगाना: दामन-३, मकवानपुर<br>**नाम:** शिबजी थापा<br>बाबुको नाम : टेक बहादुर थापा<br>बाजेको नाम : अमर बहादुर थापा<br>ना.प्र.प.नं : आग्रा २८९<br>जारी मिति:२०४३/०९/२३<br>ठेगाना : आग्रा-१, मकवानपुर |    | शिवजी थापाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं-७ स्थित कि.नं. ९८२/९८० को क्षेत्रफल २-१३-०-२/५-०-१-० को जग्गा । |
| २ | **नाम** : मालती बस्नेत<br>बाबुको नाम : दिपबहादुर बस्नेत<br>पतिको नाम : पुरुषोत्तम के.सी.<br>ना.प्र.प.नं. २९/३१८<br>जारी मिति : २०५२/१०/२१<br>ठेगाना : पालुङ-७, मकवानपुर |  | मालती बस्नेतको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वार्ड नं ३ स्थित कि.नं. ५९९ को क्षेत्रफल ०-०-७.५-० को जग्गा र सोले चर्चेको सम्पूर्ण लिगल गापात समेत । |
| ३ | **नाम** : रमेश कुमार दमै<br>बाजेको नाम : पान्ते परियार<br>बाबुको नाम : साने दमाई<br>ना.प्र.प.नं. ८६०<br>जारी मिति : २०५१।०९।१८<br>ठेगाना: दामन-३, मकवानपुर |  | रमेश कुमार दमैको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ७१४ को क्षेत्रफल ०-८-०-० को जग्गा । |
| ४ | **नाम** : डम्बर बहादुर थिङ<br>बाजेको नाम : लालबहादुर थिङ<br>बाबुको नाम : पदमबहादुर थिङ<br>ना.प्र.प.नं.३१-१-७३-१६५२<br>जारी मिति : २०७३।०२।०७<br>ठेगाना: आग्रा-८, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : तेज बहादुर थिङ<br>बाजेको नाम : हस्तबहादुर थिङ<br>बाबुको नाम : हर्क बहादुर थिङ<br>ना.प्र.प.नं. ११३८<br>जारी मिति: २०४४/१२/०२<br>ठेगाना: आग्रा-९, मकवानपुर |  | तेज बहादुर थिङको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला काभ्रे छाप ५ स्थित कि.नं. २५९, २५३, २४९, २४५, २४७ को क्रमशः ०-१२-२-०, ०-११-१-१, १-०-१-०, ०-१५-०-१, २-७-०-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५ | **नाम** : महादेव परियार<br>बाजेको नाम: पदमबहादुर दमै<br>बाबुको नाम : सेते दमै<br>ना.प्र.प.नं. ३११०२१।६९७२९<br>जारी मिति : २०६६।१२।१०<br>ठेगाना:पदमपोखरी-१, मकवानपुर<br>हाल : हेटौंडा-१३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>**नाम** : श्रृजना परियार<br>बाबुको नाम : राम शरण परियार<br>पतिको नाम : महादेव परियार<br>ना.प्र.प.नं. ३१-०१-७३-१११६८<br>जारी मिति : २०७३/०९/०८<br>ठेगाना: हेटौंडा-१४, मकवानपुर<br>हाल हेटौंडा-१३, मकवानपुर |   | महादेव परियार नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं २ स्थित कि.नं.७८४६ को क्षेत्रफल ०-१-०-० (बिघा)को जग्गा । |
| ६ | **नाम** : देवा लामा<br>बाजेको नाम : जत्तु सिं लामा<br>बाबुको नाम : सुरज सिं लामा<br>ना.प्र.प.नं. ३१-०१-६९-०४६५०<br>जारी मिति : २०६९।०५।११<br>ठेगाना : हेटौंडा-९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>**नाम** : सुरज सिं लामा<br>बाबुको नाम : जत्तु सिं लामा<br>बाजेको नाम : जगत सिं लामा<br>ना.प्र.प.नं. २५६४<br>जारी मिति : २०३९/०५/१६<br>ठेगाना: हेटौंडा-९, मकवानपुर |   | सुरज सिं लामा नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा.वार्ड नं ९ स्थित कि.नं. ९९६९ को क्षेत्रफल ०-०-१६-० (बिघा)को जग्गा । |
| ७ | **नाम** : रघुनाथ बर्तौला<br>बाबुको नाम : केशव प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौलाा<br>ना.प्र.प.नं. ६१।४०४४१<br>जारी मिति : २०६३।०८।१३<br>ठेगाना: हाडिखोला गा.वि.स.९, मकवानपुर<br>हाल: मनहरी गा.पा. ५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>**नाम** : किशोर बर्तौला<br>बाबुको नाम : बिष्णु प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौलाा<br>ना.प्र.प.नं. २९।११४७<br>जारी मिति: २०५९।३।१७<br>ठेगाना: हाडिखोला-९, मकवानपुर<br>हाल : हेटौंडा-५, मकवानपुर |   | रघुनाथ बर्तौलाको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वार्ड नं ११ स्थित कि.नं. १३०९४ र १३०८८ को क्षेत्रफल ०-०-१.२५-०/०-०-६.५-० (बिघा)को जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना